बौदीकाली गाउँपालिका

# आर्थिक विधेयक, २०७९

सभामा पेश भएको मितिः २०७९/०३/१०

**बौदीकाली गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः**

बौदीकाली गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बौदीकाली गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक विद्येयक, २०७९" रहेको छ ।

(२) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि बौदीकाली गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** बौदीकाली गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** बौदीकाली गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** बौदीकाली गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** बौदीकाली गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** बौदीकाली गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** बौदीकाली गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** बौदीकाली गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ

९. **मनोरन्जन करः** बौदीकाली गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** बौदीकाली गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** बौदीकाली गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **सेवा शुल्क, दस्तुरः** बौदीकाली गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटन शुल्कः** बौदीकाली गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५. **कर तथा राजश्व नतिर्नेहरुको लागी सजाय र जरिवानाः** यस ऐन बमोजिम गाउँपालिकालाई कर वा राजश्व तिर्नुपर्ने दायित्व भएको व्यक्ति वा व्यवसाय वा संस्थाले नियतवस तथा कावु भित्रको परिस्थितिमा पनि कर वा राजश्व नतिरेमा निज व्यक्ति वा संस्थालाई गाउँपालिकावाट प्रदान गरिने सेवा सुविधाबाट बञ्चित गरिनेछ । गाउँपालिकामा दर्ता भएको व्यवसाय वा संस्थाको हकमा निजको संस्था दर्ता खारेजी गरी प्रचलित कानुन बमोजिम कर वा राजश्व असुली गरिनेछ । तर, त्यस्तो कारवाही गर्नुपूर्व निजलाई पत्रद्धारा कर वा राजश्व दाखिला गर्न जानकारी दिईनेछ ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि बौदीकाली गाउँपालिका, गाउँकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

## अनुसुची १

### सम्पत्ति कर

कार्यपालिकाले निर्णय गरी स्थानीय राजपत्रमा सुचना प्रकाशित गरे बमोजिम हुने।

## अनुसूची २

### भूमिकर(मालपोत):

| २० रोपनी भन्दा कम जग्गामा | | | |
|---|---|---|---|
| विवरण | अवल/दोयम जग्गामा प्रतिरोपनी | सिम/चहार जग्गामा प्रतिरोपनी | कैफियत |
| खेत | ७/- | ५/- | |
| पाखो | ५/- | ३/- | |
| २० रोपनी भन्दा माथी ४० रोपनी भन्दा कम जग्गामा | | | |
| खेत | १५/- | १०/- | |
| पाखो | १०/- | ७/- | |
| ४० रोपनी भन्दा बढी जग्गामा | | | |
| खेत | २०/- | १५/- | |
| पाखो | १५/- | १०/- | |
| न्युनतम मालपोत रु. ३५/- | | | |

नोटः- प्रत्येक बर्ष मालपोत नबुझाउने व्यक्तिलाई प्रति बर्ष १०% का दरले मालपोत जरीवाना थप्दै लगिने छ ।

## अनुसुची ३

### घरवहाल कर

आफ्नो क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, छप्पर, कारखाना, जग्गा, वा पोखरी पूरै वा आंशिक रूपमा बहालमा दिएकोमा सम्बन्धित धनीबाट बहाल रकमको दश प्रतिशत ।

## अनुसुची ४

### व्यवसाय कर

| सि.नं | विवरण | आ.व २०७९/८० को लागि करका दरहरु (रु.) |
|---|---|---|
| १. ब्यापारिक बस्तु | | |
| १.१ | गहना पसल | ५०००/- |
| १.२ | साईकल | १५००/- |
| १.३ | मोटरसाईकल | ५०००/- |
| १.४ | ट्याक्टर | ५५००/- |
| १.५ | चारपाङग्रे हलुका सवारी | ६०००/- |
| १.६ | बस तथा ट्रक | १००००/- |

| | | |
|---|---|---|
| १.७ | हार्डवेयर | १००००/- |
| १.८ | रँगरोगन तथा सिसा पसल | ३०००/- |
| १.९ | पेट्रोल पम्प | १५०००/- |
| १.१० | कम्प्युटर, विजुलीका सामान, क्यामेरा, टिभी पसल | २५००/- |
| १.११ | दैनिक उपभोग्य सामानको थोक विक्रेता | २०००/- |
| १.१२ | फलफुल तथा तरकारी पसल | ५००/- |
| १.१३ | सुती / उन पसल | १०००/- |
| १.१४ | फेन्सी पसल सानो र ठुलो क्रमशः | १५०० र २५००/- |
| १.१५ | फेन्सी पसल सानो र ठुलो क्रमशः | १५०० र २५००/- |
| १.१६ | घुमुवा व्यापारी प्रति महिना प्रति वार्ड | ५००/- |
| | **२ निर्माण व्यवसाय** | |
| २.१ | निर्माण व्यवसाय क बर्ग | २७०००/- |
| २.२ | निर्माण व्यवसाय ख बर्ग | २६०००/- |
| २.३ | निर्माण व्यवसाय ग बर्ग | २५०००/- |
| २.४ | निर्माण व्यवसाय घ बर्ग दर्ता तथा नविकरण क्रमशः | २००००/- र १००००/- |
| | **३ उत्पादनमुलक उद्योग** | |
| ३.१ | चाउमिन/ चाउचाउ उद्योग | २०००/- |
| ३.२ | मैनबत्ती उद्योग | १०००/- |
| ३.३ | कापी उद्योग | १०००/- |
| | **४ उर्जामुलक उद्योग** | |
| ४.१ | हाईड्रो पावर प्रालि | २५०००/- |
| ४.२ | वायु/सौर्य उर्जा/ साना जलविद्युत केन्द्र | प्रति किलोवाट रु. २००/- |
| ४.३ | कोईला उद्योग र अन्य उर्जामुलक उद्योगहरु | ४५००/- |
| | **५ कृषी तथा बनजन्य उद्योग** | |
| ५.१ | कुटानी पिसानी सहितको तेल पेल्ने मिल | १५००/- |
| ५.२ | कुटानी पिसानी मिल | १०००/- |
| ५.३ | फर्निचर उद्योग | ५०००/- |
| ५.४ | पशु दाना उद्योग | १०००/- |
| ५.५ | पोल्ट्री फर्म | १५००/- |
| ५.६ | बँगुर पालन | २०००/- |
| ५.७ | भैसीपालन ब्यबसाय | १०००/- |
| ५.८ | गाईपालन ब्यबसाय | १०००/- |
| ५.९ | बाख्रापालन व्यबसाय | १५००/- |
| ५.१० | स-मिल | ३५००/- |

| | | |
|---|---|---|
| ५.११ | जुस तथा अन्य जुस/ पेय पदार्थ | ५००/- |
| ५.१२ | मसला मिल | ५००/- |
| **६. सबै प्रकारका खनिज उद्योगहरु** | | १५०००/- |
| | **७. पर्यटन उद्योग** | |
| ७.१ | होटल उच्च | १००००/- |
| ७.२ | होटल मध्ययम | ५०००/- |
| ७.३ | होटल सानो | २०००/- |
| ७.४ | साना चिया/खाजा/खाना पसल | १०००/- |
| ७.५ | रेष्टुरेन्ट तथा बार | ५०००/- |
| | **८. सेवा उद्योग** | |
| ८.१ | अफसेट प्रेस | ५०००/- |
| ८.२ | लेटर प्रेस | १०००/- |
| ८.३ | चलचित्र भिडियो | २५००/- |
| ८.४ | सार्वजनिक परिवहन सेवा बौदीकाली गाउँपालिकाभित्र प्रधान कार्यालय भएको | १००००/- |
| ८.५ | सार्वजनिक परिवहन सेवा बौदीकाली गाउँपालिकाभित्र शाखा कार्यालय भएको | ५०००/- |
| ८.६ | फोटोग्राफी व्यवसायिक | २०००/- |
| ८.७ | प्रयोगशाला | २५००/- |
| | **९. निर्माण उद्योग** | |
| ९.१ | सिमेन्ट ब्लक उद्योग | ३०००/- |
| ९.२ | मेटल/ग्रिल उद्योग | ३०००/- |
| ९.३ | ढुङगा उद्योग | ४०००/- |
| ९.४ | ईट्टा उद्योग | ५०००/- |
| ९.५ | पानी उद्योग | १०००/- |
| | **१०. सँचार सेवा** | |
| १०.१ | निजी मोवाईल सेवा केन्द्र | २०००/- |
| १०.२ | निजी टेलिफोन तथा फ्याक्स,फोटोकपी सेवा | १०००/- |
| १०.३ | मोवाईल मर्मत केन्द्र | १५००/- |
| १०.४ | कुरियर सेवा | २०००/- |
| १०.५ | साईवर सेवा | २०००/- |
| १०.६ | स्क्रीन प्रिन्ट तथा प्रकासन | २०००/- |
| | **११. वित्तिय सेवा** | |
| ११.१ | आर्थीक कारोवार गर्ने वित्तिय कम्पनीको मुख्य कार्यालय | ५००००/- |

| | | |
|---|---|---|
| ११.२ | आर्थीक कारोवार गर्ने वित्तिय कम्पनीको शाखा कार्यालय | २५०००/- |
| ११.३ | विमा कम्पनी | १५०००/- |
| ११.४ | विदेशी मुद्रा सटही | ५०००/- |
| ११.५ | मनी ट्रान्सफर | ५०००/- |
| ११.६ | धितोपत्र कारोवार | १५०००/- |
| ११.७ | सहकारी बैंक | १००००/- |
| ११.८ | निजी क्षेत्रका वाणिज्य बैकहरु | २५०००/- |
| ११.९ | सहकारी दर्ता शुल्क | २०००/- |
| ११.१० | समुदायमा आधारित सँस्था दर्ता | ५००/- |
| **१२. स्वास्थ्य सेवा** | | |
| १२.१ | गैह्र सरकारी अस्पताल | २५०००/- |
| १२.२ | सामुदायिक अस्पताल | ५०००/- |
| १२.३ | निजी अस्पताल | ३५०००/- |
| १२.४ | नर्सिङ होम | २००००/- |
| १२.५ | ल्याव तथा क्लिनिक | १००००/- |
| १२.६ | औषधी पसल | ५०००/- |
| १२.७ | जडीबुटी पसल | ३०००/- |
| १२.८ | पशु स्वास्थ्य औषधी पसल | २०००/- |
| **१३. विशेषज्ञ/परामर्श तथा अन्य व्यवसायिक सेवा** | | |
| १३.१ | चिकित्सक | १००००/- |
| १३.२ | दन्त चिकित्सक | ८०००/- |
| १३.३ | पशु चिकित्सक | ८०००/- |
| १३.४ | ईञ्जिनियर | १००००/- |
| १३.५ | कानुन व्यवसायी | १००००/- |
| १३.६ | लेखापरिक्षक क बर्ग | ८०००/- |
| १३.७ | लेखापरिक्षक ख बर्ग | ७०००/- |
| १३.८ | लेखापरिक्षक ग बर्ग | ६०००/- |
| १३.९ | लेखापरिक्षक घ बर्ग | ५०००/- |
| १३.१० | विमा एजेन्ट | ३०००/- |
| १३.११ | सर्भेयर | ५०००/- |
| १३.१२ | अनुवादक | ३०००/- |
| १३.१३ | नोटर पब्लिक सेवा | ५०००/- |
| १३.१४ | अनुसन्धानकर्ता | ४०००/- |
| १३.१५ | सामान ढुवानीकर्ता कम्पनी | ९०००/- |
| १३.१६ | सँस्थागत पेन्टर | ५०००/- |

| | | |
|---|---|---|
| **१४. शिक्षा सेवा** | | |
| १४.१ | नीजि क्षेत्रका क्याम्पस | २५०००/- |
| १४.२ | नीजि क्षेत्रका मावि | १५०००/- |
| १४.३ | नीजि क्षेत्रका आवि | १००००/- |
| १४.४ | नीजि क्षेत्रका प्रावि | ७०००/- |
| १४.५ | नीजि क्षेत्रका पुर्व प्रावि | २५००/- |
| १४.६ | नीजि क्षेत्रका होस्टेलहरु | १००००/- |
| १४.७ | तालिम तथा अनुसन्धान केन्द्र | ८०००/- |
| १४.८ | प्राविधिक शिक्षालय | १००००/- |
| १४.९ | कम्प्युटर प्रशिक्षण केन्द्र | ५०००/- |
| १४.१० | ट्युशन तथा कोचिङ सेन्टर | १००००/- |
| १४.११ | भाषा प्रशिक्षण केन्द्र | १००००/- |
| **१५. मर्मत सँभार केन्द्र** | | |
| १५.१ | बस/ट्रक/कार/जीप | १००००/- |
| १५.२ | मोटरसाईकल | ५०००/- |
| १५.३ | साईकल तथा अन्य | ३०००/- |
| १५.४ | रेडियो/टिभी/घडी/अन्य विद्दुतिय सामान | २०००/- |
| **१६. अन्य सेवा** | | |
| १६.१ | विज्ञापन एजेन्सी | १००००/- |
| १६.२ | बैदेशिक रोजगार सेवा | १००००/- |
| १६.३ | स्वदेशी रोजगार सेवा | ५०००/- |
| १६.४ | ब्युटी पार्लर | २०००/- |
| १६.५ | ड्राई क्लिनर्स | २०००/- |
| १६.६ | फोटो स्टुडियो | १०००/- |
| १६.७ | साईनबोर्ड पेन्टिङ सेवा | २०००/- |
| १६.८ | पशु वधशाला | २०००/- |
| १६.९ | हाउजिङ कम्पनी तथा घरजग्गा खरिदविक्री | २००००/- |
| **१७. माशु पसल** | | |
| १७.१ | सबै प्रकारका मासु पसल | १५००/- |
| **१८. माथिको बर्गीकरणमा नपरेका विविध** | | |
| १८.१ | सिलाई केन्द्र/सिलाई प्रशिक्षण केन्द्र | १०००/- |
| १८.२ | कवाडी | ३०००/- |
| १८.३ | टेलर्स | १०००/- |
| १८.४ | जुत्ता पसल | १५००/- |
| १८.५ | भाँडा पसल | २०००/- |
| १८.६ | चुरा पसल टङ्कीमा राखेको | ५००/- |

| | | |
|---|---|---|
| १८.७ | काठ तथा स्टील फर्निचर पसल | ५०००/- |
| १८.८ | चस्मा पसल | २०००/- |
| १८.९ | मेशिनरी पार्टपुर्जा पसल | ५०००/- |
| १८.१० | हजाम पसल | १०००/- |
| १८.११ | ड्राङभिङ ईन्स्टिच्युट | ५०००/- |
| १८.१२ | पान पसल | ५००/- |
| १८.१२ | डिजिटल कलर ल्याव | २५००/- |
| १८.१४ | अडियो/भिडियो क्यासेट सेन्टर | १०००/- |
| १८.१५ | दुग्ध सहकारी सँघ | २५००/- |
| १८.१६ | दुग्ध डेरी | ५००/- |
| १८.१७ | स्यानीटरी सामानको पसल | २०००/- |
| १८.१८ | ग्याँससिलिण्डर विक्रेता | ४०००/- |
| १८.१९ | कोल्ड ड्रिङ्क्स पसल | १५००/- |
| १८.२० | कस्टमेटिक पसल ठुलो र सानो क्रमशः | २०००/-र १०००/- |
| १८.२१ | स्टेशनरी होलसेल | ५०००/- |
| १८.२२ | स्टेशनरी पसल | २०००/- |
| १८.२३ | पत्रपत्रिका पसल | १०००/- |
| १८.२४ | मिष्ठान्न पसल | १०००/- |
| १८.२५ | मःमः रेष्टुराँ | १५००/- |
| १८.२६ | भोजनालय | २०००/- |
| १८.२७ | अन्य साना पसलहरु | १०००/- |
| १८.२८ | कन्सल्टेन्सी एवँ परामर्श सेवा | ५०००/- |
| १८.२९ | कृषी/फलफुल/वन नर्सरी व्यवसाय | ५००/- |
| १८.३० | कृषी बिउ विजन भण्डार | ५००/- |
| १८.३१ | केवल लाईन प्रशारण | ५०००/- |
| १८.३२ | एफएम रेडियो प्रशारण | ५०००/- |
| १८.३३ | एफएम रेडियो सामुदायिक | ३०००/- |
| १८.३४ | टयाङ्की पसल | ५००/- |
| १८.३५ | मदिराजन्य पसल | ५०००/- |
| १८.३६ | केवुल, नेटवर्किङ | ५०००/- |
| १८.३७ | क्रशर उद्योग | ३००००/- |
| १८.३८ | टयाक्टरवाट ढुवानी (प्रतिमहिना) | १५००/- |

**अन्य व्यवसायः**

| | |
|---|---|
| १. पार्क, पिकनिक स्पट | ५००/- |
| २. क्यासिनो | १००००/- |
| ३. टुर अपरेटर | १५००/- |
| ४. मसाज पार्लर | १५००/- |

माथिको वर्गीकरणमा समावेश नभएका सेवा,व्यवसायको कारोवार र स्तर हेरी गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम वार्षिक रु. ५०० देखी रु. २००००/- सम्म कर

## अनुसुची ५

## जडिबुटी, कवाडी र जीवजन्तु कर

| | |
|---|---|
| १. जडिबुटी | बार्षिक रु. १०००००/- |
| २. कवाडी | बार्षिक रु. २०००००/- |
| ३. जीवजन्तु कर | बार्षिक रु. १०००००/- |

## अनुसुची ६

## सवारी साधन कर

१.सवारी दर्ता तथा बार्षिक सवारी करः

| | |
|---|---|
| क. बस, ट्रक, लहरी र अन्य गाडी | ५०००/- |
| ख.भाडाका कार र जीप | ३०००/- |
| ग,भाडाको टेम्पो | १०००/- |
| घ. भाडाको मिनिवस | २०००/- |
| ङ. निजी कार, टेम्पो, मिनिवस | १०००/- |
| च. स्कुटर, मोटरसाइकल तथा अन्य | ८००/- |
| छ. ठेलागाडा तथा रिक्सामा | ५००/- |
| पुनश्चः कुनै एक बौदीकाली गाउँपालिकाले सवारी दर्ता तथा वार्षिक सवारी कर लिएपछि अर्को गाउँपालिकाले त्यस्तो सवारी दर्ता तथा वार्षिक सवारी कर लिन नपाउने ब्यबस्था गर्ने । | |

२.पटके सवारी करः

बौदीकाली गाउँपालिकाले आफैंले बनाएको वा आफूलाई हस्तान्तरण भइआएको सडकमा देहायबमोजिम पटके सवारी कर लगाउन सक्नेछ ।

| | |
|---|---|
| क. निजी तथा भाडाका बस, ट्रक र ट्र्याक्टर | १००/- |

| | |
|---|---|
| ख. मिनिवस/जीप/पिकअप | ७०/- |
| ग. निजी तथा भाडाका कार र टेम्पो | ५०/- |
| घ. अन्य सवारी | २५/- |

३. दस्तुरः दर्ता तथा सञ्चालन ईजाजतः
बौदीकाली गाउँपालिका क्षेत्रमा ठेला, रिक्सा, टाँगा, दर्ता गरी नम्बर दिए बापत बौदीकाली गाउँपालिकाले २५०/- सवारी दर्ता कर लगाउने

## अनुसुची ७
## विज्ञापन कर

| | |
|---|---|
| बौदीकाली गाउँपालिका क्षेत्र भित्र राखिने विभिन्न व्यापारिक विज्ञापन बोर्डहरुमा प्रति वर्ग फिट | १०० |
| अस्थायी व्यवसायिक ब्यानरहरुमा प्रति हप्ता | ५०० |
| व्यवसायिक प्रचारप्रसार जीप/बाईक/रिक्सावाट माईकिङमा | ५०० |

## अनुसुची ८
## मनोरञ्जन कर

१. सिनेमाहल, भिडियोहल, सांस्कृतिक प्रदर्शनहल, थियटर सङगीत, मनोञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क चार प्रतिशत । तर, ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।
२. जादु, सर्कस, चटक आदिमा प्रति दिन एक रुपैया ।
३. व्यावसायिक भिडियोमा प्रति भिडियो प्रतिवर्ष तिन सय रुपैयाँ ।
४. साहित्य, सँगित तथा मनोरन्जन प्रदर्शन/मेला/महोत्सवमा प्रदिदिन पाँच सय रुपैया।

## अनुसुची ९
## वहाल विटौरी शुल्क

१. आफ्नो क्षेत्रमा आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए बापत प्रति वर्गफुट मासिक बहाल विटौरी दश रुपैयाँ ।

## अनुसुची १०
## पार्किङ शुल्क

१. बौदीकाली गाउँपालिकाले आफुले व्यवस्था गरेको सवारी पार्कमा पार्किङ गरिएको बस, मिनिवस, ट्रक, ट्रयाक्टरमा पार्किङ गर्ने समयको आधारमा एक पटकमा पचास रुपैया ।
२. गाउँपालिकाले आफुले निर्माण गरी संचालन गरेको आधुनिक सुविधा सम्पन्न वस पार्कमा प्रतिघण्टा रु. चालिस रुपैंया ।
३. गाउँपालिकाले आफुले तोकेको कार पार्किङ क्षेत्रमा पार्किङ गर्ने कारमा पार्किङ गर्ने समयको आधारमा एक पटकमा वीस रुपैंया ।
४. माथी उल्लेखित सवारी साधन बाहेक अन्य सवारी साधनहरुका लागी गाउँपालिकाले व्यवस्था गरेको आधारमा दश रुपैंया ।

## अनुसुची ११
## सेवा शुल्क, दस्तुर

| | | |
|---|---|---|
| **मुल्याङकन सेवा शुल्क** | | |
| सम्पत्ती मुल्याँकन तथा आयश्रोत प्रमाणितमा पहिलो पटक मुल्याँकन गर्दा मुल्याँकन शुल्क लाग्ने र सोही आ.व.मा सोही ब्यक्तीवाट सोही विवरण बमोजिम उल्लेखित मुल्याँकन पुनः प्रमाणितको सिफारिस माग भई आएमा पहिलो पटक मुल्याँकन गर्दा शुरुमा लागेको सेवा शुल्कको २५% दोश्रो पटक ५०% तेश्रो पटक ७५% र सो भन्दा बढी पटक भएमा १००% सेवा शुल्क लाग्नेछ। | | |
| सम्पत्ती मुल्याँकन | रु १ करोड सम्म प्रमाणित गर्दा | ०.५प्रतिशत । |
| आयश्रोत प्रमाणित | रु १ करोड सम्म प्रमाणित गर्दा | ०.२५ प्रतिशत । |
| सम्पत्ती/आयश्रोत प्रमाणित | रु १ करोड भन्दा माथिको लागी थप | १ प्रतिशत । |

| | | |
|---|---|---|
| | **सिफारिस दस्तुर** | |
| १ | वंशजको आधारमा नागरिकता सिफारिस | १५०/- |
| २ | जन्मको आधारमा नागरिकता सिफारिस | १५०/- |
| ३ | नेपाली पुरुषसँग विवाह गर्ने विदेशी महिलाको नागरिकता सिफारिस | २५००/- |
| ४ | नागरिकताको प्रतिलिपी सिफारिस | ५५०/- |
| ५ | नागरिकताको सँसोधन सिफारिस | ५५०/- |
| ६ | नाता प्रमाणित-नेपाली र अंग्रेजी क्रमशः | ५००/-र १०००/- |
| ७ | विद्युत सिफारिस | २००/- |
| ८ | थ्री फेजको विद्युत सिफारिस | १०००/- |

| | | |
|---|---|---|
| ९ | नाम सँसोधन/नाम छुट/ दुई नाम सिफारिस | ५००/- |
| १० | जन्ममिति प्रमाणित | ५००/- |
| ११ | स्थायी वा अस्थायी बसोबास सम्बन्धि सिफारिस क्रमशः | १००० र ५००/- |
| १२ | नामथर/जन्ममिति सँसोधन सिफारिस | ५००/- |
| १३ | घरजग्गा नामसारी सिफारिस | ५००/- |
| १४ | सम्बन्धविच्छेद भएको सिफारिस | १०००/- |
| १५ | फुकुवा सिफारिस | ५००/- |
| १६ | पेन्सन कार्ड वा सो सम्बन्धि अन्य सिफारिस | १०००/- |
| १७ | हकवाला सँरक्षण सिफारिस | २००/- |
| १८ | नक्कल प्रमाणित दस्तुर मालपोत रसिद समेत | १००/- |
| १९ | व्यवसाय दर्ता प्रमाणपत्रको नक्कल प्रति | ५००/- |
| २० | व्यवसाय दर्ता लगत कट्टाको सिफारिस | १०००/- |
| २१ | घरनक्सा नामसारी | ५००/- |
| २२ | घर निर्माण सम्पन्न सिफारिस RCC | १०००/- |
| २३ | घर निर्माण सम्पन्न सिफारिस (कच्ची) | २५०/- |
| २४ | नीजि क्षेत्रको रुख कटान सिफारिस | १५००/- |
| २५ | मिलापत्र दस्तुर | १०००/- |
| २६ | नावालक सिफारिस | २००/- |
| २७ | घटना दर्ता सिफारिस | २५०/- |
| २८ | विभिन्न दलित,जनजाती तथा थर सिफारिस | १५०/- |
| २९ | कर चुक्ता सिफारिस | २५०/- |
| ३० | पारिवारिक विवरण सिफारिस | ५००/- |
| ३१ | खानेपानी सम्बन्धि सिफारिस | २५०/- |
| ३२ | उद्योग सिफारिस (साना) | १०००/- |
| ३३ | उद्योग सिफारिस (मझौला) | १५००/- |
| ३४ | उद्योग सिफारिस (ठुलो) | २०००/- |
| ३५ | नीजि विद्यालय संचालन तथा कक्षा थप अनुमतीको सिफारिसः | |
| | आधारभुत | २०००/- |
| | माध्यामिक-१० कक्षासम्म | ४०००/- |
| | माध्यामिक- १२ कक्षा सम्म | ८०००/- |
| | स्नातक तह | १६०००/- |
| ३६ | वैदेशिक प्रयोजनका लागि अँग्रेजीमा गरिने सबै प्रकारका सिफारिस नाता प्रमाणित समेत | १००० |
| ३७ | चारकिल्ला प्रमाणित | ५०० |

| | | |
|---|---|---|
| ३८ | सँस्था दर्ता सिफारिस | १००० |
| ३९ | घर ढलान/निर्माण गर्दा बाटो प्रयोग सम्बन्धि सिफारिस | २००० |
| ४० | सर्जमिन/वडा मुचुल्का दस्तुर | ५०० |
| ४१ | माथि उल्लेखित बाहेक सबै प्रकारका सिफारिस | ५०० |
| ४२ | सामान्य सिफारिस | १०० |
| ४३ | समुह दर्ता सिफारिस | ५०० |
| ४४ | समुह नविकरण सिफारिस | ३०० |
| ४५ | सँस्था नविकरण सिफारिस | १००० |
| ४६ | व्यवसाय दर्ता शुल्क | |
| | कुल पुँजी ५ लाख सम्म | १००० |
| | कुल पुँजी ५ लाख देखी १० लाख सम्म | १५०० |
| | कुल पुँजी १० लाख देखी २० लाख सम्म | ३००० |
| | कुल पुँजी २० लाख देखी माथी सबै | ५५०० |
| ४७ | व्यवसाय नविकरण शुल्क | |
| | कुल पुँजी ५ लाख सम्म | ५०० |
| | कुल पुँजी ५ लाख देखी १० लाख सम्म | १००० |
| | कुल पुँजी १० लाख देखी २० लाख सम्म | १५०० |
| | कुल पुँजी २० लाख देखी माथी सबै | २५०० |
| ४८ | मोही लगत कट्टा सिफारिस | ३००० |
| ४९ | छात्रवृति सिफारिस | १०० |
| ५० | विपन्न विद्यार्थी सिफारिस | निःशुल्क |
| ५१ | अपाङ्ग सिफारिस | १०० |
| ५२ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | २००० |
| ५२ | आर्थिक अवस्था कमजोर वा विपन्न सिफारिस | १०० |
| ५३ | धारा जडान सिफारिस | १०० |
| ५४ | जिवित रहेको सिफारिस | १००० |
| ५५ | व्यवसाय बन्द सिफारिस | १५०० |
| ५६ | व्यापार व्यवसाय सँचालन नभएको सिफारिस | १००० |
| ५७ | कोर्ट फि मिनाहा सिफारिस | २०० |
| ५८ | उद्योग ठाउँसारी वा ठेगाना परिवर्तन गाउँपालिका भित्र | २५०० |
| ५९ | उद्योग ठाउँसारी वा ठेगाना परिवर्तन गाउँपालिका बाहिर | ७५०० |
| ६० | विद्यालय ठाउँसारी सिफारिस | ७५०० |

| | | |
|---|---|---|
| ६१ | व्यक्तिगत विवरण सिफारिस | ३०० |
| ६२ | सँरक्षक सिफारिस (व्यक्तिगत र सँस्थागत) क्रमश | २०० र ८०० |
| ६३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | ५०० |
| ६४ | कोठा खोल्ने वा घर खोल्ने कार्यमा रोहबर बस्ने कार्य | ५०० |
| ६५ | निःशुल्क वा सःशुल्क स्वास्थ्य उपचार सिफारिस | २०० |
| ६६ | अन्य कार्यालयको माग अनुसारको विवरण खुलाई पठाउने कार्य | २५० |
| ६७ | घरबाटो प्रमाणित | ७५० |
| ६८ | ******* | ****** |
| ६९ | विवाहित/अविवाहित प्रमाणित | १००० |
| ७० | घर पातल प्रमाणित | १००० |
| ७१ | कागज मञ्जुरी नामा प्रमाणित | ५०० |
| ७२ | हकदार प्रमाणित | १००० |
| ७३ | जग्गा रेखाङ्कन र अन्य कार्यको रोहवर | ५०० |
| ७४ | जग्गाधनी प्रमाणपुर्जा सिफारिस | ५०० |
| ७५ | जग्गाधनी प्रमाणपुर्जा प्रतिलिपि सिफारिस | ५०० |
| ७६ | माथी उल्लेखित बाहेक सबै प्रकारका अङ्ग्रेजी सिफारिस | १००० |
| ७७ | न्यायिक समितिमा विवाद दर्ता (विपक्षीले तिर्नुपर्ने) | २५० |
| ७८ | नियम अनुसार खयर, साल, सिसौ, सिमल कटानी सिफारिस | पाँच वटा सम्म ५०० र सो भन्दा बढी प्रतिरुख ३०० |
| ७९ | चालचलन सिफारिस | २५० |
| ८० | ठेगाना/वारेश/मञ्जुरीनामा/खाता सिफारिस/अन्य साधारण सिफारिस | २०० |
| ८१ | चौपाया निकासी सिफारिस | पाँच वटा सम्म ५०० र सो भन्दा बढी चौपाया १०० |
| ८२ | नियम अनुसार काठ दाउरा निकासी सिफारिस | १५०० |
| ८३ | ब्यकहो लोडर प्रतिघण्टा | २७०० |
| ८४ | कन्सल्टेन्सी सुचिकृत | ५५०० |
| | **पशु पँक्षी स्वास्थ्य सेवा दस्तुर** | |
| १ | कास्ट्रेशन | |
| | बहर ठुलो | ६५ |

| | | |
|---|---|---|
| | बंगुर | ५५ |
| | बोका | ३५ |
| २ | गोबर परिक्षण | ५० |
| ३ | गर्भ परिक्षण | १०० |
| ४ | सुई/भ्याक्सिन लगाएको | ५० |
| ५ | स्वास्थ्य परिक्षण | ५० |
| ६ | सिङ काटेको | |
| | ठुलो पशु | १५० |
| | सानो पशु | ७५ |
| ७ | कृत्रिक गर्भाधान | |
| | ठुलो पशु | २५० |
| | सानो पशु | १५० |
| | घरमै सेवा | ५५० |
| ८ | ट्याग लगाउने | |
| | ठुलो पशु | १०० |
| | सानो पशु | ५० |
| | | |
| **ब्यक्तिगत घटनादर्ता सम्बन्धी** | | |
| १ | जन्म दर्ता (३५ दिन पछाडीको मात्र) | २००/- |
| २ | मृत्यु दर्ता (३५ दिन पछाडीको मात्र) | २००/- |
| ३ | विवाह दर्ता (३५ दिन पछाडीको मात्र) | २००/- |
| ४ | वसाईसराई आउनेको दर्ता (३५ दिन पछाडीको मात्र) | २००/- |
| ५ | वसाईसराई जानेको दर्ता (३५ दिन पछाडीको मात्र) | १०००/- |
| ६ | सम्बन्ध बिच्छेद (३५ दिन पछाडीको मात्र) | २००/- |
| ७ | सबै घटना दर्ताको प्रतिलिपि | ५००/- |
| अन्य ब्यबस्था राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ बमोजिम गर्ने । | | |

## नक्सा पाश र घर कायमको शुल्क

क. बौदीकाली गाउँकार्यपालिकाको कार्यालयले निर्णय गरी स्थानीय राजपत्रमा सुचना प्रकाशित गरे बमोजिम नक्सा पाश र घर कायमको शुल्क कायम/निर्धारण गर्नेछ ।

ख. नक्सापाश शुल्क लिने सन्दर्भमा घरको वर्गिकरण भवन ऐन, २०५५ तथा अन्य प्रचलित नेपाल कानुन अनुसार हुनेछ ।

ग. घर कायम वा अभिलेखिकरणको लागी बौदीकाली गाउँपालिकाको निर्णयअनुसार निश्चित समय दिएर आव्हान गर्ने र सो समयभित्र कायम हुने घरहरुको लागी उपरोक्त बमोजिमको दरमा निर्णय अनुसार तोकिएको दरमा छुट दिन सक्नेछ ।

**घ.** बजारहरुको क्षेत्र निर्धारणमा बौदीकाली गाउँपालिकाले आवश्यकतानुसार पुनर्विचार गर्न सक्नेछ ।

## अनुसुची १२
## पर्यटन शुल्क

१. संघीय र प्रादेशिक कानुनको अधिनमा रही बौदीकाली गाउँकार्यपालिकाले निर्णय गरी स्थानीय राजपत्रमा सुचना प्रकाशन गर्नेछ ।